अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी

सम्पर्क नं. ९८५७६८३६१० (प्र.प्र.अ.)
ईमेल :ito.annamun@gmail.com
वेब : www.annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल

प.सः ०८२/०८३
च.नं १३६८

## दक्ष कामदारको नक्साङ्कन र दर्ताका लागि तथ्याङ्क सङ्कलन आवश्यकता सम्वन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०१/२२

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश र अन्नपूर्ण गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने "दक्ष कामदारको नक्साङ्कन तथा दर्ता" कार्यक्रमको प्रयोजनार्थ विभिन्न वडामा रही सीप सम्वन्धी काम गर्ने दक्ष कामदारहरुको घर वा कार्यस्थलमा पुगेर आफ्नै स्मार्ट मोवाइल प्रयोग गरी Google Form मार्फत तथ्याङ्क सङ्कलन गर्ने सङ्कलकहरु आवश्यक परेको हुँदा तल उल्लेखित योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजात सहित कार्यालय समयभित्र निवेदन दिनुहुन सम्वन्धित सबेमा जानकारीको लागि अनुरोध छ।

१.आवश्यक तथ्याङ्क सङ्कलकको संख्या:८

२. तथ्याङ्क सङ्कलकको आवश्यक योग्यता:

- कम्तिमा SLC/SEE उत्रीण गरेको र सीप परिक्षण मूल्याङ्कनकर्ता वा तह २को सीप परिक्षण उत्रीर्ण गरेको व्यक्ति,वा TVET विद्यालयमा कार्यरत व्यक्तिहरुलाई क्रमशः प्राथमिकता दिइनेछ,
- स्थानीय तहमा सीप सम्वन्धीका श्रमीकहरु, अनौपचारिक कामदारहरुको समूह, नेटवर्क,संघ सङ्गठनबारे राम्रो सम्पर्क भएको साथै सीप परिक्षणबारे राम्रो जानकारी भएको व्यक्ति,
- आफ्नै स्मार्ट फोन भएको र डाटा प्रयोग गरी Google मा भएका प्रश्नावली अनुसार तथ्याङ्क सङ्कलन गरी दर्ता गर्न सक्ने,
- सीप परिक्षणको सूचना अनुसार मिल्दो पेसाका दक्ष कामदार भेटिएमा सीप परिक्षणको फारम भराउन सक्ने व्यक्ती,
- तथ्याङ्क गोपनीयता राख्न र दर्ता प्रक्रियाको अन्तिमसम्म जिम्मेवार हुन सक्ने व्यक्ति।

३.पारिश्रमिकः प्रतिदिनमा ७वटा फारम सङ्कलन गरे बापत १ दिनको गणना हुने र प्रतिदिनको रु१३०० का दरले भुक्तानी हुने (सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखराबाट रु.६५० र स्थानीय तहबाट रु.६५०)।

नोटः छनौट भएका व्यक्तिहरुलाई स्थानीय तहबाट दक्ष कामदारको नक्साङ्कन र दर्ताका लागि तथ्याङ्क सङ्कलन गर्न Google form भर्नेबारे क्षमता अभिबृद्धि गरिनेछ।

४. निवेदन पेश गर्ने स्थानः

अन्नपूर्ण गाउँपालिका पोखरेबगर, म्याग्दी

रोजगार सेवाकेन्द्र, सम्पर्क नं ९८५७६८३६१०/ ९८४७६४२१००, सुमित्रा गैरे पौडेल (रोजगार संयोजक)
९८४६९४८४१९ सविता देवि तिलिजा पुन (रोजगार सहायक)

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत